वर्ष ६ अंक ७

# अर्थ बुलेटिन

## *(आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक तथ्याङ्कमा आधारित)*

### प्रमुख झलकहरु

- *विश्व अर्थतन्त्र सन् २०२५ मा २.७ प्रतिशतले विस्तार हुने प्रक्षेपण विश्व बैङ्कले गरेको छ। सन् २०२५ मा सार्क मुलुकहरुको अर्थतन्त्र ६.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ जुन उदीयमान तथा विकासशील मुलुकहरुको अर्थतन्त्रको विस्तारको तुलनामा उच्च हो। सन् २०२५ मा नेपालको अर्थतन्त्र ५.१ प्रतिशतले विस्तार हुने प्रक्षेपण विश्व बैंकले गरेको छ।*
- *गत भदौ-असोजमा देशका विभिन्न स्थानमा गएको बाढी पहिरो लगायतका प्राकृतिकजन्य घटनाको कारण उपभोक्ता मुद्रास्फीतिमा दबाव सिर्जना भएको छ। २०८० पौष महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फिति ५.२६ प्रतिशत रहेकोमा २०८१ पौषमा ५.४१ प्रतिशत पुगेको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा औसत उपभोक्ता मुद्रास्फीति ४.९७ प्रतिशत रहेको छ जुन चालु आर्थिक वर्षको बजेटले लिएको ५.५ प्रतिशतको लक्ष्य भित्र रहेको छ।*
- *चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा सार्वजनिक वित्तका परिसूचकहरु सकरात्मक रहेका छन्। यस अवधिमा राजस्व सङ्कलन १२.७ प्रतिशतले बढेको छ। साथै, संघीय सरकारी खर्च १७.७ प्रतिशतले वृद्धि भएको छ।*
- *स्रोत व्यवस्थापनको लागि सरकारले यस अवधिमा रू.१ खर्ब ८१ अर्ब ५ करोड बराबरको आन्तरिक ऋण परिचालन गरेको छ। सार्वजनिक ऋण परिचालनको कारण सरकारको सार्वजनिक ऋण दायित्व बढेर २०८१ पुस मसान्तमा रू.२५ खर्ब ३६ अर्ब १३ करोड पुगेको छ। अन्तर्राष्ट्रिय विकास सहायता परिचालन बढेको छ। यस अवधिमा रू.६६ अर्ब ७५ करोड बराबरको अन्तर्राष्ट्रिय विकास सहायता प्राप्त भएको छ ।*
- *करको दायरा विस्तार हुँदै गएको छ। स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ६५ लाख ८९ हजार पुगेको छ।*
- *यस अवधिमा कुल वस्तु निर्यात ३१.८ प्रतिशतले बढेर रू.९८ अर्ब ७९ करोड पुगेको छ। वस्तु पैंठारी ७.१ प्रतिशतले बढेपनि चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा रहेका छन्। विप्रेषण आय ४.१ प्रतिशतले बढेको छ। फलस्वरुप, विदेशी मुद्रा सञ्चितिमा निरन्तर वृद्धि भई यस्तो सञ्चिति हालसम्मकै उच्च रु.२३ खर्ब १७ अर्ब पुगेको छ। उक्त सञ्चिति १४.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त छ।*
- *वैदेशिक रोजगारीमा जान नयाँ तथा अन्तिम श्रम स्वीकृति र पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या बढेको छ। पर्यटक आगमनमा समेत वृद्धि भएको छ।*
- *यस अवधिमा वित्तीय क्षेत्रका परिसूचकहरु सकरात्मक रहेका छन्। सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार भएको छ। यस अवधिमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ९.९ प्रतिशत र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.० प्रतिशतले बढेको छ। बीमा प्रिमियम संकलन ९.४ प्रतिशतले बढेको छ। २०८१ पुस मसान्तमा नेप्से सूचकाङ्क २५९४.१ बिन्दु कायम भएको छ।*
- *यस अवधिमा रू.२५ अर्ब ७८ करोड बराबरको वैदेशिक लगानी उद्योग विभागबाट स्वीकृत भएको छ। त्यसैगरी, ९ हजार ७ सय ३४ थप कम्पनी दर्ता भएका छन्।*
- *२०८१ पुससम्म कुल विद्युत ३,४०३ मेगावाट विद्युत उत्पादन भई ९८.० प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ।*

## विश्व एवम् क्षेत्रीय आर्थिक स्थिति

१. पछिल्ला वर्षहरूमा विश्व अर्थतन्त्रको वृद्धि दर सुस्त रहेको छ। सन् २०२४ मा २.७ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२५ मा स्थिर रहँदै २.७ प्रतिशतले नै विस्तार हुने अनुमान छ। दीर्घकालीन विकास लक्ष्य हासिल गर्ने ग्लोवल एजेन्डा पुरा गर्न तथा समृद्ध विश्व अर्थतन्त्र निर्माणका लागि यो आर्थिक वृद्धिको दर अपर्याप्त मानिएको छ।

२. विश्वकै उदीयमान एवम् पाँचौ ठूलो अर्थतन्त्रको रुपमा रहेको भारतको आन्तरिक माग र आर्थिक वृद्धि तुलनात्मकरुपमा उच्च रहेको हुँदा तद्अनुरुपको प्रभाव यस क्षेत्रमा समेत पर्ने अनुमानको आधारमा दक्षिण एशियाली मुलुकहरुको आर्थिक वृद्धिदर सन् २०२५ मा केही बढ्ने प्रक्षेपण विश्व बैंकले गरेको छ। फलस्वरुप, सन् २०२४ मा दक्षिण एशियाली मुलुकहरूको अर्थतन्त्र ६.० प्रतिशतले विस्तार भएकोमा सन् २०२५ मा बढेर ६.२ प्रतिशत पुग्ने प्रक्षेपण रहेको छ।

३. सार्वजनिक लगानीमा भएको वृद्धि र सेवा क्षेत्रको बढ्दो सक्रियताको कारण भारतको आर्थिक वृद्धिदर सन् २०२५ मा केही बढ्ने प्रक्षेपण रहेको छ। विश्व बैंकको अनुसार सन् २०२४ मा भारतको अर्थतन्त्र ६.३ प्रतिशतले विस्तार भएकोमा सन् २०२५ मा ६.४ प्रतिशत पुग्ने प्रक्षेपण रहेको छ।

**तालिका (१) : विश्व आर्थिक वृद्धिदर** (प्रतिशतमा)

| शीर्षक | २०२१ | २०२२ | २०२३ | २०२४* | २०२५** |
|---|---|---|---|---|---|
| विश्व | ६.२ | ३.२ | २.७ | २.७ | २.७ |
| विकसित अर्थतन्त्र | ५.५ | २.८ | १.७ | १.७ | १.७ |
| अमेरिका | ५.८ | २.५ | २.९ | २.८ | २.३ |
| यूरोपियन मुलुकहरू | ५.९ | ३.५ | ०.४ | ०.७ | १.० |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ७.० | ३.७ | ४.२ | ४.१ | ४.१ |
| पूर्वी एशिया र प्रशान्त क्षेत्र | ७.५ | ३.४ | ५.१ | ४.९ | ४.६ |
| चीन | ८.४ | ३.० | ५.२ | ४.९ | ४.५ |
| ल्याटिन अमेरिका र क्यारेबियन क्षेत्र | ७.२ | ४.० | २.३ | २.२ | २.५ |
| मध्य पूर्व र उत्तर अफ्रिका | ३.८ | ५.४ | १.७ | १.८ | ३.४ |
| दक्षिण एशिया | ८.३ | ५.८ | ६.६ | ६.० | ६.२ |
| भारत | ९.१ | ७.० | ८.२ | ६.५ | ६.७ |
| बङ्गलादेश | ६.९ | ७.१ | ५.८ | ५.० | ४.१ |
| माल्दिभ्स | ३७.७ | १३.९ | ४.१ | ४.७ | ४.७ |
| भुटान | -३.३ | ४.८ | ५.० | ५.३ | ७.२ |
| नेपाल | ४.८ | ५.६ | १.९ | ३.९ | ५.१ |
| पाकिस्तान | ५.८ | ६.२ | -०.२ | २.५ | २.८ |
| श्रीलङ्का | ३.५ | -७.३ | -२.३ | ४.४ | ३.५ |
| सब-सहारा अफ्रिका | ४.४ | ३.८ | २.९ | ३.२ | ४.१ |

स्रोत: विश्व बैंक, जनवरी २०२५। * अनुमानित ** प्रक्षेपण

नोट: माथि उल्लिखित तथ्याङ्कहरू विश्व बैंकको जनवरी २०२५ को "ग्लोवल इकोनोमिक प्रस्पेक्टिभ" प्रतिवेदनमा आधारित छन्।

४. दक्षिण एशियाली मुलुकमध्ये बङ्गलादेशको अर्थतन्त्र सन् २०२४ मा ५.० प्रतिशतले विस्तार भएकोमा सन् २०२५ मा ५.६ प्रतिशत पुग्ने प्रक्षेपण रहेको छ। सन् २०२४ मा पाकिस्तान र श्रीलङ्काको अर्थतन्त्र क्रमशः २.५ प्रतिशत र ४.४ प्रतिशतले विस्तार भएकोमा सन् २०२५ मा क्रमशः २.८ प्रतिशत र ३.५ प्रतिशत पुग्ने प्रक्षेपण विश्व बैंकले गरेको छ।

५. पर्यटन आगमनमा भएको वृद्धिसँगै पर्यटन गतिविधिमा आएको सुधार, जलविद्युत् उत्पादनमा भएको वृद्धि, कृषि क्षेत्रमा प्रमुख हिस्सा ओगट्ने धान उत्पादनमा भएको वृद्धि, केन्द्रीय बैंकले अवलम्बन गरेको सजगतापूर्ण लचिलो मौद्रिक नीतिको कार्यदिशा (Cautiously Accommodative Stance of the Monetary Policy) लगायतको कारण सन् २०२५ मा नेपालको आर्थिक वृद्धि बढ्ने प्रक्षेपण विश्व बैंकले गरेको छ। फलस्वरुप, सन् २०२४ मा नेपालको अर्थतन्त्र ३.९ प्रतिशतले विस्तार भएकोमा सन् २०२५ मा यस्तो विस्तार ५.१ प्रतिशत रहने प्रक्षेपण छ। केन्द्रीय बैंकले अवलम्बन गरेको कसिलो मौद्रिक नीति, आन्तरिक मागमा आएको सङ्कुचन लगायतका कारण सन् २०२३ मा नेपालको आर्थिक वृद्धि अपेक्षाभन्दा कम १.९ प्रतिशतमा सीमित रहेको थियो।

## राष्ट्रिय अर्थतन्त्र

६. चालु आर्थिक वर्षको पहिलो त्रयमासमा मुलुकको अर्थतन्त्र अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा मौसमी परिवर्तन समायोजन गर्दा २.८८ प्रतिशत र नगर्दा ३.३७ प्रतिशतले विस्तार भएको छ। गएको असोज महिनामा देशका विभिन्न भागमा भएको बाढी, पहिरो लगायतका विपदजन्य घटनाको कारण यस अवधिमा आर्थिक वृद्धि अपेक्षा गरिएभन्दा केही न्यून रहन गएको छ।

७. चालु आर्थिक वर्षमा धानको उत्पादन ४.०४ प्रतिशतले बढ्ने अनुमान छ। चालु आर्थिक वर्षमा अन्य खाद्यान्न बाली, तरकारी, फलफूल लगायत अन्य कृषि उपजको उत्पादन सामान्य रहने अनुमानको आधारमा कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि ३.७ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको छ। गत आर्थिक वर्षमा धानको उत्पादन ४.३३ प्रतिशत, गहुँको उत्पादन २.७२ प्रतिशत र कोदोको उत्पादन २.६६ प्रतिशतले बढेको थियो भने मकैको उत्पादन ३.२४ प्रतिशतले घटेको थियो।

८. चालु आर्थिक वर्षमा समग्र उद्योग क्षेत्रको गतिविधिमा विस्तार हुने अनुमान छ। पछिल्लो समयमा बैङ्किङ्ग क्षेत्रमा देखिएको अधिक तरलताको अवस्थामा सुधार आउनु, ब्याजदर घट्दै जानु, अन्तर्राष्ट्रिय बजारमा ईन्धन लगायत प्रमुख वस्तुको मूल्यमा स्थिरता हुनु, विद्युत आपूर्ति बढ्दै, विप्रेषण आप्रवाहमा भएको वृद्धिको कारण नागरिकको क्रयशक्ति बढ्दै जानु लगायतका कारण उद्योग क्षेत्र सुधारोन्मूख रहेको हुँदा चालु आर्थिक वर्षमा उद्योग क्षेत्रको उत्पादनको वृद्धिदर गत आर्थिक वर्षको तुलनामा केही बढी हुने अनुमान छ। साथै, उत्पादनमूलक उद्योगको लागि सरकारले अवलम्बन गरेको सहज नीतिगत व्यवस्थाको सकरात्मक प्रभाव औद्योगिक उत्पादनमा समेत पर्ने आँकलन गरिएको छ।


९. चालु आर्थिक वर्षको पहिलो त्रयमासमा पर्यटक आगमन र होटल तथा रेष्टुरेण्ट क्रियाकलापका साथै स्वास्थ्य क्षेत्र एवम् सार्वजनिक प्रशासनमा सुधार भएको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा करिव ५ लाख ८० हजार विदेशी पर्यटक नेपाल भित्रिएका छन्। यातायात तथा सञ्चार क्षेत्रको गतिविधिमा

समेत वृद्धि हुने अनुमान गरिएको छ। समग्रमा चालु आर्थिक वर्षमा सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि बढ्ने अनुमान छ।

## समग्र मूल्य स्थिति

१०. चालु आर्थिक वर्षको पहिलो ६ महिनाको औसत उपभोक्ता मुद्रास्फीति ४.९७ प्रतिशत रहेको छ, जुन बजेटले लिएको ५.५ प्रतिशतको लक्ष्य भन्दा न्यून हो। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ६.४७ प्रतिशत रहेको थियो।

**चार्ट (१) : पछिल्लो ३ आर्थिक वर्षको मुद्रास्फीतिको मासिक प्रवृत्ति** (प्रतिशतमा)





स्रोतः नेपाल राष्ट्र बैंक, २०८१

११. वार्षिक बिन्दुगत आधारमा, २०८० पुस महिनामा उपभोक्ता मुद्रास्फीति ५.२६ प्रतिशत रहेकोमा २०८१ पुसमा यस्तो मुद्रास्फीति ५.४१ प्रतिशत रहेको छ। गत असोज महिनामा देशका विभिन्न स्थानमा भएको विपद्जन्य घटनाको प्रभाव स्वरुप त्यसपछिका महिनाहरुमा उपभोक्ता मुद्रास्फीति दर केही उच्च रहन गएको छ।

१२. वार्षिक बिन्दुगत आधारमा पछिल्लो ५ आर्थिक वर्षको पुस महिनाको उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति हेर्दा उपभोक्ता मुद्रास्फीति सबैभन्दा बढी आर्थिक वर्ष २०७९/८० पुस महिनामा ७.२६ प्रतिशत र सबैभन्दा कम आर्थिक वर्ष २०७७/७८ पुस महिनामा ३.५६ प्रतिशत रहेको छ। खाद्य तथा पेय पदार्थतर्फको मुद्रास्फीति सबैभन्दा बढी चालु आर्थिक वर्षको पुस महिनामा ७.६७ प्रतिशत र सबैभन्दा कम आर्थिक वर्ष २०७८/७९ पुस महिनामा ३.९१ प्रतिशत रहेको छ। यसैगरी, गैरखाद्य तथा पेय पदार्थ समूहतर्फको मुद्रास्फीति सबैभन्दा बढी आर्थिक वर्ष २०७९/८० पुस महिनामा ८.९२ प्रतिशत र सबैभन्दा कम आर्थिक वर्ष २०७७/७८ पुस महिनामा २.७४ प्रतिशत रहेको छ।

### चार्ट (२) : पुस महिनाको मुद्रास्फीतिको प्रवृत्ति (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैंक, २०८१

## संघीय सरकारी खर्च

१३. आर्थिक वर्ष २०८१/८२ को पुससम्म संघीय सरकारको कुल खर्च १७.७ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ६७ अर्ब ६० करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च रु.५ खर्ब ६७ अर्ब ३९ करोड रहेको थियो। कुल खर्चमध्ये चालु खर्च (वित्तीय हस्तान्तरण सहित) रु.४ खर्ब ५२ अर्ब, पुँजीगत खर्च रु.५६ अर्ब ९३ करोड र वित्तीय व्यवस्थातर्फको खर्च रु.१ खर्ब ५८ अर्ब ६६ करोड रहेको छ।

१४. यस अवधिको कुल खर्चमध्ये चालु, पुँजीगत र वित्तीय व्यवस्था तर्फको खर्च क्रमशः ६७.७ प्रतिशत, ८.५ प्रतिशत र २३.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च क्रमशः ७७.२ प्रतिशत, ८.७ प्रतिशत र १४.१ प्रतिशत रहेको थियो।

१५. यस अवधिमा कुल विनियोजित बजेटमध्ये चालुतर्फ ३९.६ प्रतिशत, पुँजीगत तर्फ १६.२ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ४३.२ प्रतिशत गरी समग्रमा ३५.९ प्रतिशत रकम खर्च भएको छ। गत आर्थिक वर्षमा यस्तो खर्च चालुतर्फ ३८.३ प्रतिशत, पुँजीगततर्फ १६.५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ २६.१ प्रतिशत गरी समग्रमा ३२.४ प्रतिशत रकम खर्च भएको थियो।

### तालिका (२) : पछिल्लो ५ वर्षको पुस महिनासम्मको खर्चको स्थिति (रु. करोडमा)

| खर्च शीर्षक | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | वृद्धि प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८०/८१ | २०८१/८२ |
| चालु खर्च | ३४२३६ | ४०६४१ | ४५५१३ | ४३७३४ | ४५२०० | -३.९ | ३.३ |
| पुँजीगत खर्च | ५०८२ | ५०८१ | ५३४६ | ४९९१ | ५६९४ | -६.६ | १५.६ |
| वित्तीय व्यवस्था | २२५७ | ४९४७ | ६७७७ | ८०१४ | १५८६६ | १८.३ | ९८.३ |
| कुल संघीय खर्च | ४१५७५ | ५०६६९ | ५७६३५ | ५६७३९ | ६६७६० | -१.६ | १७.७ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

१६. यस अवधिमा सबैभन्दा बढी खर्चभार असोज महिनामा २८.७ प्रतिशत र मङ्सिर महिनामा २१.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम खर्च भार साउन महिनामा ६.० प्रतिशत रहेको छ।

**तालिका (३) : चालु आर्थिक वर्षको पुस महिनासम्मको मासिक खर्च** (रु. करोडमा)

| महिना | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १२३८.२२ | ८५५.४८ | १९२७.०६ | ४०२०.७६ | ०.०६ |
| भदौ | ७०६०.४३ | ६३३.९२ | २०४०.१६ | ९७३४.५१ | ०.१५ |
| असोज | १४६८६.५६ | १४४८.०६ | ३०३०.२२ | १९१६४.८४ | ०.२९ |
| कात्तिक | ६२६७.४६ | ५१५.६४ | १७९८.८० | ८५८१.९० | ०.१३ |
| मङ्सिर | ७,१०२.४७ | ६२६.९६ | ६,३८०.३३ | १४,१०९.७६ | ०.२१ |
| पुस | ८,८४५.१६ | १,६१३.४४ | ६८९.८२ | ११,१४८.४२ | ०.१७ |
| **जम्मा** | **४५२००.३०** | **५६९३.५०** | **१५८६६.३९** | **६६७६०.१९** | **१.००** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

## राजस्व परिचालन

१७. चालु आर्थिक वर्ष २०८१/८२ को पुससम्म संघीय सरकारको कुल राजस्व सङ्कलनमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.७ प्रतिशतले वृद्धि भएको छ। यस अवधिको कुल राजस्व रु. ५ खर्ब ५९ अर्ब ६१ करोड रहेको छ। यस अवधिको कर राजस्व र गैरकर राजस्व संकलनमा क्रमशः १०.३ प्रतिशत र ३२.६ प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा निकासी करमा ३३८.७ प्रतिशतले वृद्धि भएको छ भने आयकर तर्फको ब्याजकर सङ्कलनमा १४.७ प्रतिशतले कमी आएको छ।


**तालिका (४) : पुससम्मको राजस्व सङ्कलनको स्थिति** (रु. करोडमा)

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| कर राजस्व | ३८६५३.४२ | ४९३९९.३० | ४०५२६.९० | ४४३५५.२० | ४८९३९.९२ |
| गैरकर राजस्व | ३५७०.१७ | ४८०६.१५ | ४७४३.४१ | ५२९४.७८ | ७०२०.८२ |
| कुल राजस्व | ४२२२३.५९ | ५४२०५ | ४५२७० | ४९६४९.९८ | ५५९६०.७४ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८१

१८. यस अवधिमा कर राजस्व रु. ४ खर्ब ८९ अर्ब ४० करोड, गैरकर राजस्व रु.७० अर्ब २१ करोड र अन्य प्राप्ति रु.७ अर्ब ७९ करोड सहित कुल प्राप्ति रु.५ खर्ब ६७ अर्ब ४० करोड भएको छ।

**चार्ट (३) : पुस महिनासम्मको राजस्व सङ्कलनको प्रवृत्ति** (रु. करोडमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८१

१९. विगत ५ आर्थिक वर्षको पुस मसान्तसम्मको राजस्व सङ्कलनको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०७७/७८ र आर्थिक वर्ष २०७९/८० बाहेक अन्य आर्थिक वर्षमा राजस्व सङ्कलन बढेको देखिन्छ। चालु आर्थिक

वर्षको पुससम्म कुल राजस्व १२.७ प्रतिशतले वृद्धि भएको छ। यस अवधिको राजस्व सङ्कलन लक्ष्यको तुलनामा ८३.२ प्रतिशत र कुल वार्षिक राजस्व लक्ष्यको ३९.४ प्रतिशत रहेको छ।


**तालिका (५) : पुससम्मको शीर्षकगत राजस्व सङ्कलनको तुलनात्मक स्थिति** (रु. करोडमा)

| कर शीर्षक | राजस्व लक्ष्य २०८१/८२ | | पुससम्मको सङ्कलन | | प्रगति प्रतिशत | | राजस्व वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| | वार्षिक | पुससम्म | २०८०/८१ | २०८१/८२ | वार्षिक लक्ष्यको तुलनामा | पुससम्मको लक्ष्यको तुलनामा | २०८१/८२ |
| भन्सार महशुल | ३०७३६ | १४५७५ | ९५८३ | १०७३७ | ३४.९ | ७३.७ | १२.० |
| मुल्य अभिवृद्धि कर | ३८६५२ | १८३७९ | १४१४२ | १५४८५ | ४०.१ | ८४.३ | ९.५ |
| उत्पादन, विक्री र सेवा | १६४३७ | ७५८७ | ५५३९ | ६४७५ | ३९.४ | ८५.३ | १६.९ |
| पैठारी | २२२१५ | १०७९२ | ८६०३ | ९०१० | ४०.६ | ८३.५ | ४.७ |
| अन्तःशुल्क | १९४९६ | ९१४३ | ६८६७ | ८३३९ | ४२.८ | ९१.२ | २१.४ |
| आन्तरिक उत्पादन | १४१८१ | ६४७० | ५०३२ | ६०८२ | ४२.९ | ९४ | २०.९ |
| पैठारी | ५३१६ | २६७३ | १८३४ | २२५७ | ४२.५ | ८४.४ | २३.० |
| शिक्षा सेवा शुल्क | ४६६ | १०५ | १५९ | १८५ | ३९.७ | १७६.४ | १६.५ |
| आयकर | ३९०७१ | १८०६९ | १३६०५ | १४१९४ | ३६.३ | ७८.६ | ४.३ |
| आयकर | ३४०६२ | १५७७८ | ११७१५ | १२५८२ | ३६.९ | ७९.७ | ७.४ |
| ब्याज कर | ५००९ | २२९१ | १८८९ | १६१२ | ३२.२ | ७०.४ | -१४.७ |
| कर राजस्व | १२८४२१ | ६०२७० | ४४३५५ | ४८९४० | ३८.१ | ८१.२ | १०.३ |
| गैरकर राजस्व | १३५०९ | ७०११ | ५२९५ | ७०२१ | ५२ | १००.१ | ३२.६ |
| कुल राजस्व | १४१९३० | ६७२८१ | ४९६५० | ५५९६१ | ३९.४ | ८३.२ | १२.७ |
| अन्य प्राप्ति | ० | ० | १८९० | ७७९ | - | - | -५८.८ |
| जम्मा राजस्व/प्राप्ति | १४१९३० | ६७२८१ | ५१५४० | ५६७४० | ४० | ८४.३ | १२.० |


स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८१

२०. चालु आर्थिक वर्षको पुस महिनासम्मको सङ्कलित कुल राजस्वमा गैरकर र अन्तःशुल्क राजस्वको हिस्सा वृद्धि भएको छ भने अन्य राजस्वको हिस्सा घटेको छ। शिक्षासेवा शुल्कको राजस्व आधार कम भएकोले कुल राजस्वमा यसको योगदान नगन्य रहेको छ।

**चार्ट (४) : राजस्व संरचनाको तुलनात्मक स्थिति**




आर्थिक वर्ष २०८१/८२




आर्थिक वर्ष २०८०/८१

स्रोतः अर्थ मन्त्रालय, २०८१

२१. गैरकर र अन्तःशुल्क राजस्व सङ्कलनको वृद्धिदर उच्च रहेकोले अन्य राजस्व शीर्षकमा वृद्धि भएतापनि कुल राजस्वमा गैरकर र अन्तःशुल्क करको हिस्सा केही बढेको छ।

**तालिका (६) : पुससम्मको शीर्षकगत राजस्व सङ्कलनको मासिक स्थिति*** (रु. करोडमा)

| कर शीर्षक | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | कुल राजस्व |
|---|---|---|---|---|---|---|---|
| भन्सार महशुल | १५९० | १७०३ | १९०५ | १५६३ | १८२९ | २१४८ | १०७३७ |
| मूल्य अभिवृद्धि कर | २६३४ | २३८३ | २४९२ | २३६७ | २६३९ | २९७० | १५४८५ |
| अन्तःशुल्क | १२१० | १३२१ | १४६६ | १५३४ | १३८४ | १४२४ | ८३३९ |
| शिक्षा सेवा शुल्क | २५ | ४० | ४४ | १९ | २२ | ३५ | १८५ |
| आयकर | २२८३ | १३३० | १५४२ | १५३८ | १३९५ | ६१०५ | १४१९४ |
| गैरकर राजस्व | १७३३ | ३८६ | ७३८ | ४७६ | ३६८ | ३३१९ | ७०२१ |
| कुल राजस्व | ९४७४ | ७१६४ | ८१८७ | ७४९८ | ७६३६ | १६००१ | ५५९६१ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८१ * चालु आर्थिक वर्षको पहिलो ६ महिनाको तथ्याङ्कमा आधारित

## कुल संघीय राजस्व

२२. चालु आर्थिक वर्षको पहिलो ६ महिनासम्ममा संघीय सरकारको राजस्व (बाँडफाँट अघिको रोयल्टी समेत) अघिल्लो आर्थिक वर्षको सोही अवधिको रु.४ खर्ब ३८ अर्ब ९८ करोडको तुलनामा १२.८ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ९४ अर्ब ९१ करोड पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाट हुने राजस्व (मुल्य अभिवृद्धि कर र अन्तःशुल्क-आन्तरिक) गत आर्थिक वर्षको सोही अवधिको रु.५७ अर्ब ५२ करोडको तुलनामा १२.५ प्रतिशतले वृद्धि भई रु.६४ अर्ब ७० करोड पुगेको छ।

## संघीय सरकारको साधनस्रोत तथा खर्चको अवस्था

२३. चालु आर्थिक वर्षको पुससम्ममा संघीय सरकारको आय १०.९ प्रतिशतले वृद्धि भई रू. ५ खर्ब ७४ अर्ब ७७ करोड पुगेको छ भने कुल संघीय संचित कोषमा प्राप्ति (ऋणसहित) १९.७ प्रतिशतले बढेको छ। यस अवधिमा संघीय सरकारको राजस्व बचत रू.१ खर्ब ७ अर्ब ६० करोडले बचतमा छ भने बजेट बचत रू.९२ अर्ब ८३ करोड घाटामा रहेको छ।

**तालिका (७) : पछिल्लो ५ वर्षको पुससम्मको साधनस्रोत तथा खर्चको अवस्था** (रू.करोडमा)

| विवरण | पुससम्म | | | | | वृद्धिदर | |
|---|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ |
| संघीय राजस्व | ३७३३१ | ४८०१६ | ३९६९६ | ४३८९४ | ४९४९१ | १०.६ | १२.८ |
| अन्य प्राप्ति | २७८३ | ३४१९ | ३१०६ | १८९० | ७७९ | -३९.२ | -५८.८ |
| वैदेशिक अनुदान | ७४६ | १३८८ | ४८० | ७३७ | ७७२ | ५३.५ | ४.७ |
| कुल संघीय आय | ४०८६० | ५२८२४ | ४३२८२ | ४६५२० | ५१०४२ | ७.५ | ९.७ |
| आन्तरिक ऋण परिचालन | ५७०० | ६०० | ३००० | १२८३१ | १८१०५ | ३२७.७ | ४१.१ |
| वैदेशिक ऋण प्राप्ति | ३००४ | ४५०२ | ३६३५ | ३४२८ | ५९०३ | -५.७ | ७२.२ |
| कुल संघीय प्राप्ति | ४९५६५ | ५७९२६ | ४९९१६ | ६२७७९ | ७५०५० | २५.८ | १९.५ |
| कुल संघीय खर्च | ४१५७५ | ५०६७८ | ५७६३५ | ५६७३९ | ६६७६० | -१.६ | १७.७ |
| स्रोत बचत(+)/न्यून(-) | ७९९० | ७२४७ | -७७१८ | ५४१६ | ८२९० | -१७०.२ | ५३.१ |
| संघीय चालु खर्च | ३४२३६ | ४०६५० | ४५५१३ | ४३७३४ | ४५२०१ | -३.९ | ३.४ |
| राजस्व बचत/न्यून | ३०९६ | ७३६६ | -५८१७ | १६० | ४२९० | -१०२.७ | २५८१.३ |
| बजेट बचत/न्यून | -७१४ | २१४५ | -१४३५३ | -१०२१९ | -१५७१८ | -२८.८ | ५३.८ |

स्रोत : अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय , २०८१ # बाँडफाँट अघिको रोयल्टीसहित

२४. यस अवधिमा सरकारले रू.१ खर्ब ८१ अर्ब ५ करोड बराबरको आन्तरिक ऋण परिचालन गरेको छ भने रू.५९ अर्ब ३ करोड बराबरको वैदेशिक ऋण तथा रू.७ अर्ब ३७ करोड बराबरको वैदेशिक अनुदान प्राप्त गरेको छ।

## करको दायरा विस्तार

२५. २०८१ पुससम्म स्थायी लेखानम्बर लिने करदाताको संख्या ६५ लाख ८९ हजार ९४ पुगेको छ। स्थायी लेखा नम्बर लिने करदाता मध्ये ६९.१ प्रतिशत व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता रहेका छन् भने व्यावसायिक र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बरको हिस्सा क्रमशः ३०.४ प्रतिशत र ०.५ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या ३ लाख ३९ हजार ४ सय २९ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २२ हजार ५ सय १९ पुगेको छ।

### तालिका (८): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०८१ असारसम्म | गत आर्थिक वर्षको पहिलो ६ महिनामा थप | चालु आर्थिक वर्षको पहिलो ६ महिनामा थप | २०८१ पुससम्म |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | १९४४१०१ | ५९९०७ | ५७५८५ | २००१६८६ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (W-PAN) | ३३३२८ | २९६१ | १३१० | ३४६३८ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ४२४८७०४ | २९८६६१ | ३०४०६६ | ४५५२७७० |
| जम्मा स्थायी लेखा नम्बर | ६२२६१३३ | ३६१५२९ | ३६२९६१ | ६५८९०९४ |
| मूल्य अभिवृद्धि कर (VAT) | ३२७४१७ | १३६३६ | १२०१२ | ३३९४२९ |
| अन्तःशुल्क (Excise) | ११७३६८ | ५४७७ | ५१५१ | १२२५१९ |

स्रोतः आन्तरिक राजस्व विभाग, २०८१

## अन्तर्राष्ट्रिय विकास सहायता प्रतिबद्धता र परिचालन

२६. चालु आर्थिक वर्ष २०८१/८२ को पुससम्म कुल रु.२ खर्ब ५ अर्ब ८४ करोड बराबरको वैदेशिक सहायता प्रतिवद्धता प्राप्त भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिबद्धता रु.५९ अर्ब ९८ करोड रहेको थियो। यस अवधिको कुल वैदेशिक सहायता प्रतिबद्धतामध्ये २६.६ प्रतिशत अनुदान र ७३.४० प्रतिशत ऋण रहेको छ। चालु आर्थिक वर्षको पुस महिनामा मात्र ५१.० प्रतिशत भन्दा बढी सहायता प्रतिबद्धता प्राप्त भएको छ।


### तालिका (९) : मासिकरुपमा पुससम्मको वैदेशिक सहायता प्रतिबद्धताको स्थिति (रू. करोडमा)

| महिना | आर्थिक वर्ष २०८०/८१ | | | आर्थिक वर्ष २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | अनुदान | ऋण | जम्मा | अनुदान | ऋण | जम्मा |
| साउन | १०६३.० | ०.० | १०६३.० | १६०५.० | ०.० | १६०५.० |
| भदौ | ०.० | ०.० | ०.० | ७७०.० | १३४३.० | २११३.० |
| असोज | ३१५.२ | ०.० | ३१५.२ | ०.० | ०.० | ०.० |
| कार्तिक | १८२.५ | २६४०.० | २८२२.५ | ९४४.९ | २०१३.२ | २९५८.० |
| मंसिर | ४६७.१ | १३३०.० | १७९७.१ | ४२८.२ | २५६८.० | २९९६.२ |
| पुस | ०.० | ०.० | ०.० | १७२८.१७ | ९१८४.१ | १०९१२.२ |
| जम्मा | २०२७.९ | ३९७०.० | ५९९७.९ | ५४७६.२ | १५१०८.२ | २०५८४.४ |

स्रोतः अर्थ मन्त्रालय, २०८१

२७. कुल सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी ऊर्जा क्षेत्रमा २७.४ प्रतिशत र सबैभन्दा कम सुशासन क्षेत्रमा ०.२ प्रतिशत रहेको छ।

**चार्ट (५) : वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत अवस्था** (रु. दश लाखमा)




स्रोत: अर्थ मन्त्रालय, २०८१

२८. चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा वैदेशिक सहायता परिचालन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६०.३ प्रतिशतले वृद्धि भई रु.६६ अर्ब ७५ करोड पुगेको छ। यस अवधिको वैदेशिक सहायता प्राप्ति मध्ये वैदेशिक अनुदान रू.७ अर्ब ७२ करोड र वैदेशिक ऋण रु.५९ अर्ब ३ करोड रहेको छ। गत आर्थिक वर्ष २०८०/८१ को पुससम्म वैदेशिक अनुदान रू.७ अर्ब ३७ करोड र वैदेशिक ऋण रु.३४ अर्ब २७ करोड गरी कुल वैदेशिक सहायता रु.४१ अर्ब ६४ करोड रहेको थियो।

## सार्वजनिक ऋण

२९. २०८१ पुस मसान्तसम्म सरकारको तिर्न बाँकी कुल सार्वजनिक ऋण रु.२५ खर्ब ३६ अर्ब १३ करोड पुगेको छ। यसमध्ये आन्तरिक ऋण रु.१२ खर्ब ३४ अर्ब ७१ करोड (४८.७ प्रतिशत) र वैदेशिक ऋण रु.१३ खर्ब १ अर्ब ४२ करोड (५१.३ प्रतिशत) रहेको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा आन्तरिक र बाह्य ऋण गरी थप रु.१ खर्ब २ अर्ब ३ करोड बराबरको सार्वजनिक ऋण दायित्व सिर्जना भएको छ।

३०. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा आन्तरिक ऋणतर्फ रू.१ खर्ब २७ अर्ब २४ करोड साँवा भुक्तानी र रू.२७ अर्ब ९५ करोड ब्याज भुक्तानी भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिसम्ममा आन्तरिक ऋण तर्फ रू.२९ अर्ब साँवा भुक्तानी र रू.१९ अर्ब ८१ करोड ब्याज भुक्तानी भएको थियो। त्यसैगरी, यस अवधिमा बाह्य ऋणतर्फ रु.२२ अर्ब ४३ करोड साँवा भुक्तानी र रू.४ अर्ब ७८ करोड बराबरको ब्याज (प्रतिबद्धता शुल्क सहित) भुक्तानी भएको छ।

३१. सार्वजनिक ऋण बढेसँगै सरकारको ऋण सेवा खर्च समेत बढ्दै गएको छ। यस अवधिमा साँवातर्फ रु.१ खर्ब ४९ अर्ब ६७ करोड र ब्याजतर्फ रु.३२ अर्ब ७३ करोड गरी समग्रमा सरकारको कुल ऋण सेवा

खर्च रु.१ खर्ब ८२ अर्ब ४० करोड पुगेको छ। गत आर्थिक वर्षमा यस्तो खर्च रु.१ खर्ब १६ अर्ब ५८ करोड रहेको थियो।

**तालिका (१०) : चालु आर्थिक वर्षको पुससम्मको सार्वजनिक ऋणको अवस्था** (रू. करोडमा)

| विवरण | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुस | जम्मा |
|---|---|---|---|---|---|---|---|
| आन्तरिक ऋण भुक्तानी | २०६१.० | २१४२.० | २९४२.८ | २०२७.७ | ५७९३.३ | ५५२.७ | १५५१९.६ |
| साँवा | १७००.० | १८००.० | २४६०.० | १३१४.० | ५४५०.० | ०.२ | १२७२४.२ |
| व्याज | ३६१.० | ३४२.० | ४८२.८ | ७१३.७ | ३४३.३ | ५५२.५ | २७९५.४ |
| वाह्य ऋण भुक्तानी | २५८.० | ३१०.० | ५९३.५ | ४७९.० | ४५२.० | ६२७.७ | २७२०.१ |
| साँवा | २२७.० | २४०.० | ४७५.८ | ४१४.९ | ३७४.० | ५११.० | २२४२.७ |
| व्याज | ३१.० | ७०.० | ११७.७ | ६४.१ | ७८.० | ११६.७ | ४७७.४ |
| कुल ऋण सेवा खर्च | २३१९.० | २४५२.० | ३५३६.३ | २५०६.७ | ६२४५.३ | ११८०.४ | १८२३९.७ |
| साँवा | १९२७.० | २०४०.० | २९३५.८ | १७२८.९ | ५८२४.० | ५११.२ | १४९६६.९ |
| ब्याज | ३९२.० | ४१२.० | ६००.५ | ७७७.८ | ४२१.३ | ६६९.२ | ३२७२.८ |
| कुल सार्वजनिक ऋण प्राप्ति | ४५५९.० | ६०४७.२ | ३१०३.९ | ३५३९.८ | ३०५८.२ | ३७००.७ | २४००८.७ |
| आन्तरिक ऋण | ४०००.० | ५०००.० | २५००.० | २९००.० | २०००.० | १७०५.४ | १८१०५.४ |
| वाह्य ऋण | ५५९.० | १०४७.२ | ६०३.९ | ६३९.८ | १०५८.२ | १९९५.३ | ५९०३.३ |
| खुद सार्वजनिक ऋण प्राप्ति | २६३२.० | ४००७.२ | १६८.० | १८१०.९ | -२७६५.८ | ३१८९.६ | ९०४१.९ |
| आन्तरिक ऋण | २३००.० | ३२००.० | ४०.० | १५८६.० | -३४५०.० | १७०५.२ | ५३८१.२ |
| वाह्य ऋण | ३३२.० | ८०७.२ | १२८.० | २२४.९ | ६८४.२ | १४८४.३ | ३६६०.६ |
| तिर्न बाँकी सार्वजनिक ऋण | २४७२४५ | २५२८६१ | २५२३०४ | २५१८०६ | २४९२४१ | २५३६१३ | २५३६१३ |
| आन्तरिक ऋण | १२०३९० | १२३५९० | १२३६३० | १२५२१६ | १२१७६६ | १२३४७१ | १२३४७१ |
| वाह्य ऋण | १२६८५४ | १२९२७१ | १२८६७४ | १२६५९० | १२७४७५ | १३०१४२ | १३०१४२ |

स्रोत : सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८१

३२. यस अवधिमा आन्तरिक ऋण रू.१ खर्ब ८१ अर्ब ५ करोड र बाह्य ऋण रू.५९ अर्ब ३ करोड गरी रू.२ खर्ब ४० अर्ब ८ करोड बराबरको कुल सार्वजनिक ऋण परिचालन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा आन्तरिक ऋण रू.१ खर्ब २८ अर्ब ३१ करोड र बाह्य ऋण रू.३४ अर्ब २७ करोड गरी रू.१ खर्ब ६२ अर्ब ५८ करोड बराबरको कुल सार्वजनिक ऋण परिचालन भएको थियो।

३३. यस अवधिमा खुद आन्तरिक ऋण रू.५३ अर्ब ८१ करोड र खुद बाह्य ऋण रू.३६ अर्ब ६१ करोड गरी रू.९० अर्ब ४२ करोड बराबरको खुद सार्वजनिक ऋण परिचालन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद आन्तरिक ऋण रू.६८ अर्ब ९४ करोड र खुद बाह्य ऋण रू.१६ अर्ब २० करोड गरी रू.८५ अर्ब १३ करोड बराबरको खुद सार्वजनिक ऋण परिचालन भएको थियो।

## वित्तीय क्षेत्र

३४. समीक्षा अवधिमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल निक्षेप र कुल कर्जा लगानीको अनुपातमा केही वृद्धि भएको छ। कुल लगानीमा निष्कृय कर्जाको अनुपात बढेर ४.९२ प्रतिशत पुगेको छ भने विपन्न क्षेत्रतर्फ प्रवाहित कर्जा अनुपात घटेर ५.९३ प्रतिशत कायम भएको छ।

३५. २०८१ पुससम्म सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा सङ्ख्या पुगेको छ। त्यसैगरी, २०८० पुससम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या ११२ रहेकोमा २०८१ पुस मसान्तमा सो सङ्ख्या १०७ कायम भएको छ। २०८० पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११,५६७

रहेकोमा २०८१ पुस मसान्तमा यस्तो सङ्ख्या ११,५४५ रहेको छ। केन्द्रीय बैङ्कको मर्जर नीतिको कारण बैंक तथा वित्तीय संस्था र यसका शाखा सङ्ख्यामा कमी आएको हो।

### तालिका (११) : वित्तीय परिसूचक

| वित्तीय सूचकहरु | २०७८ पुस | २०७९ पुस | २०८० पुस | २०८१ पुस |
|---|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको अनुपातमा** | | | | |
| कुल निक्षेप | ११४.९६ | ११० | ११३.९३ | ११८.१ |
| कुल कर्जा | १०९.७१ | ९९.८५ | ९४.४७ | ९५.३१ |
| **कुल कर्जा लगानीको अनुपातमा** | | | | |
| निष्कृय कर्जा NPL/Total Loan | १.३१ | २.६३ | ३.७३ | ४.९२ |
| विपन्न क्षेत्र कर्जा | ८.२८ | ७.११ | ६.८ | ५.९३ |
| **वित्तीय पहुचका परिसूचकहरू** | | | | |
| बैङ्क तथा वित्तीय संस्था (सङ्ख्यामा) | १२९ | १२१ | ११२ | १०७ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (सङ्ख्यामा) | ११२१५ | ११५८८ | ११५६७ | ११५४५ |
| वाणिज्य बैङ्कको उपस्थिति भएका स्थानीय तह (सङ्ख्यामा) | ७५० | ७५२ | ७५२ | ७५३ |
| कुल निक्षेप खाता (सङ्ख्या लाखमा) | ४१८.३८ | ४८३.२५ | ५३५.५ | ५७९.३ |
| कुल कर्जा खाता (सङ्ख्या लाखमा) | १८.०१ | १८.३३ | १८.६७ | १९.२६ |
| एटिएम (सङ्ख्यामा) | ४४१७ | ४६४८ | ५०६४ | ५२२९ |
| **भारित औसत ब्याजदर** | | | | |
| निक्षेप | ६.३७ | ८.५१ | ७.३२ | ४.७५ |
| कर्जा | ९.४४ | १२.७९ | ११.३८ | ८.६९ |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८१

३६. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा विस्तृत मुद्राप्रदाय ३.९ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०८१ पुस मसान्तमा विस्तृत मुद्राप्रदाय १०.२ प्रतिशतले बढेको छ।

३७. त्यसैगरी, यस अवधिमा कुल आन्तरिक कर्जा १.२ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०८१ पुस मसान्तमा यस्तो कर्जा ४.८ प्रतिशतले बढेको छ।

३८. यस अवधिमा बैङ्क तथा वित्तीय संस्थाहरुमा रहेको निक्षेप ३.७ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०८१ पुस मसान्तमा यस्तो निक्षेप ९.९ प्रतिशतले बढेको छ।

३९. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा बैङ्क तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ५.२ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०८१ पुस मसान्तमा यस्तो कर्जा ७.० प्रतिशतले बढेको छ।

### तालिका (१२) : बैङ्किङ्ग तथा मौद्रिक क्षेत्रको स्थिति (रू. करोडमा)


| विवरण | वर्ष (पुससम्म) | | | | फरक | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | २०७८ | २०७९ | २०८० | २०८१ | (२०८१) | २०८० | २०८१ |
| कुल निक्षेप | ४८४१८० | ५२९७९० | ६०८७०८ | ६६९१४४ | ६०४३६ | १४.९ | ९.९ |
| कुल कर्जा | ५५५६६० | ५८८९४० | ६५३३३६ | ६९१९०७ | ३८५७१ | १०.९ | ५.९ |
| निजी क्षेत्रतर्फ प्रवाहित कर्जा | ४५७७४४ | ४७५८४२ | ४९८९६७ | ५३३९५२ | ३४९८५ | ४.९ | ७.० |
| विस्तृत मुद्राप्रदाय | ५३२६७२ | ५७३९०९ | ६५७८०३ | ७२४७३२ | ६६९२९ | १४.६ | १०.२ |
| संकुचित मुद्राप्रदाय | ९४०३९ | ९०२७३ | ९५८३५ | ९७६७७ | १८४२ | ६.२ | १.९ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१।

## बीमा क्षेत्र

४०. चालु आर्थिक वर्षको पुस मसान्तसम्म बीमा प्रिमियम सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.४ प्रतिशतले वृद्धि भई रु.१०२ अर्ब ४८ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रू.९३ अर्ब ६६ करोड रहेको थियो। कुल बीमा प्रिमियम सङ्कलनमध्ये जीवन बीमातर्फ ७९.२ प्रतिशत र निर्जीवन बीमातर्फ २०.८ प्रतिशत रहेको छ।

**चार्ट (६) : पछिल्लो ५ वर्षको पुससम्मको बीमा प्रिमियम सङ्कलनको स्थिति** (रू. करोडमा)





स्रोतः नेपाल बीमा प्राधिकरण, २०८०

४१. २०८१ पुस मसान्तसम्म ३५.९७ प्रतिशत जनसङ्ख्यामा बीमा (म्यादी र लघुम्यादी बीमालेख सहित) को पँहुच पुगेको छ। यस अवधिमा वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ४३.६२ प्रतिशत पुगेको छ।

४२. चालु आर्थिक वर्षको पहिलो ६ महिनाको बीमा प्रिमियम सङ्कलनमध्ये साउन र असोज महिना बाहेक अन्य महिनामा बीमा प्रिमियम सङ्कलन बढेको छ।

**चार्ट (७) : मासिकरूपमा बीमा प्रिमियम सङ्कलनको स्थिति** (रू. करोडमा)





स्रोतः नेपाल बीमा प्राधिकरण, २०८१

## पुँजी बजार

४३. पुँजी बजार तुलनात्मकरुपमा सबल बन्दै गएको छ। २०८१ असार मसान्तमा २२४०.४१ बिन्दुमा रहेको नेप्से सूचकाङ्क २०८१ पुस मसान्तमा २५९४.१३ बिन्दु कायम भएको छ।

चार्ट (८) : पछिल्लो एक वर्षको नेप्से सूचकाङ्कको मासिक प्रवृत्ति





स्रोत: नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८१

४४. २०८१ पुस मसान्तसम्म नेपाल स्टक एक्सेन्जमा सूचीकृत कम्पनीहरुको सङ्ख्या २६७ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिसम्म यस्तो सङ्ख्या २७१ रहेको थियो।

४५. वार्षिक विन्दुगत आधारमा धितोपत्र बजार पुँजीकरण २०८० पुस मसान्तको तुलनामा २९.२ प्रतिशतले वृद्धि भई २०८१ पुस मसान्तमा रू.४३ खर्ब २ अर्ब ८८ करोड पुगेको छ। २०८० पुस मसान्तमा धितोपत्र बजार पुँजीकरण रू.३३ खर्ब ३० अर्ब ७५ करोड रहेको थियो।

चार्ट (९) : पछिल्लो ५ वर्षको पुसमसान्तसम्मको बजार पुँजीकरणको स्थिति (रू. अर्बमा)




स्रोत: नेपाल राष्ट्र बैङ्क, २०८१

## बाह्य क्षेत्र

### वस्तु निर्यात

४६. आर्थिक वर्ष २०८०/८१ को पुस महिनासम्म वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३१.८ प्रतिशतले वृद्धि भई रू.९८ अर्ब ७९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यात रू.७४ अर्ब ९७ करोड रहेको थियो।

४७. यस अवधिमा भारत र चीनतर्फको वस्तु निर्यात क्रमश: ४६.१ प्रतिशत र १९.७ प्रतिशतले बढेको छ। यस अवधिमा अन्य मुलुकसँगको वस्तु निर्यात १.० प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा भारततर्फको वस्तु निर्यात १२.८ प्रतिशतले घटेको थियो भने चीन र अन्य मुलुकसँगको वस्तु निर्यात क्रमशः ३७०.९ प्रतिशत र १.३ प्रतिशतले वृद्धि भएको थियो।

४८. गत आर्थिक वर्षको तुलनामा भारततर्फ भएको निर्यातको अंशमा वृद्धि भएको छ भने चीन र अन्य देश तर्फको वस्तु निर्यातको अंश केहि घटेको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भारत, चीन र अन्य देशतर्फको वस्तु निर्यातको अंश क्रमशः ७४.६ प्रतिशत, १.९ प्रतिशत र २३.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६७.३ प्रतिशत, २.१ प्रतिशत र ३०.६ प्रतिशत रहेको रहेको थियो।

४९. वस्तुगत आधारमा भटमासको प्रशोधित तेल, सूर्यमुखीको प्रशोधित तेल, सेन्थेटिक यार्न, चिया, जुटले बुनिएका कपडा लगायतका वस्तुको निर्यात बढेको छ भने प्रशोधित पाम तेल, फलामे पाता, तयारी कपडा, जडीबुटी लगायतका वस्तुको निर्यात घटेको छ।

**तालिका (१३) : पुस महिनासम्म निकासी भएका प्रमुख १० वस्तुहरू** (रू.करोडमा)

| वस्तु | २०८०/८१ | निर्यातको अंश | २०८१/८२ | निर्यातको अंश | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| भटमासको तेल प्रशोधित | ४१.५२ | ०.५५ | १८९१.० | १९.१ | ४४५४.५ |
| सेन्थेटिक यार्न | ५७०.११ | ७.६० | ६८६.४ | ६.९ | २०.४ |
| उनी गलैंचा कार्पेट | ५२३.०२ | ६.९८ | ५६१.४ | ५.७ | ७.३ |
| सुर्यमुखिको प्रशोधित तेल | १४.८७ | ०.२० | ४९८.५ | ५.० | ३२५२.३ |
| अलैची | ३९०.७७ | ५.२१ | ४५६.७ | ४.६ | १६.९ |
| तयारी कपडा | ४६७.३८ | ६.२३ | ४३८.५ | ४.४ | -६.२ |
| प्लाइउड | ३५३.०१ | ४.७१ | ४२४.९ | ४.३ | २०.४ |
| फलामे पाता | ६१३.७९ | ८.१९ | ४०७.८ | ४.१ | -३३.६ |
| फलफुलको जुस | ३८०.५८ | ५.०८ | ३४५.४ | ३.५ | -९.२ |
| चिया | २१४.९२ | २.८७ | ३१६.७ | ३.२ | ४७.४ |
| अन्य | ३९२६.८४ | ५२.३८ | ३८५१.६ | ३९.० | -१.९ |
| **जम्मा** | **७४९६.८** | **१००** | **९८७८.९** | **१००.०** | **३१.८** |

स्रोतः भन्सार विभाग, २०८१।

५०. यस अवधिमा निर्यात भएका प्रमुख १० वस्तुहरुको कुल निर्यातमा अंश ६१.० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा माथिका वस्तुहरुको कुल निकासीमा अंश ४७.६ प्रतिशत रहेको थियो। यस अवधिमा भटमास र सूर्यमुखीको प्रशोधित तेलको हिस्सा तुलनात्मकरुपमा उच्च रहेको छ।

## वस्तु पैठारी

५१. चालु आर्थिक वर्ष २०८१/८२ को पुस महिनासम्म कुल वस्तु पैठारी गत आर्थिक वर्षको सोही अवधिको रू.७ खर्ब ६८ अर्ब १७ करोडको तुलनामा ७.१ प्रतिशतले वृद्धि भई रू.८ खर्ब २२ अर्ब ३७ करोड पुगेको छ।

५२. उक्त अवधिमा भारत र चीनतर्फको वस्तु पैठारी क्रमश: ५.९ प्रतिशत र ८.९ प्रतिशतले बढेको छ भने अन्य मुलुकसँगको वस्तु पैठारी समेत ९.० प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा भारत र अन्य मुलुकतर्फको वस्तु पैठारी क्रमशः २.४ प्रतिशत र २५.७ प्रतिशतले घटेको थियो भने चीनतर्फको वस्तु पैठारी ३४.० प्रतिशतले वृद्धि भएको थियो।

**तालिका (१४) : पुस महिनासम्म पैठारी भएका प्रमुख १० वस्तुहरू** (रू.करोडमा)

| वस्तु | २०८०/८१ | आयातको अंश | २०८१/८२ | आयातको अंश | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| डिजेल | ६६४९.११ | ८.७ | ५४३६.६५ | ६.६ | -१८.२ |
| पेट्रोल | ३३९१.९७ | ४.४ | ३२१४.९३ | ३.९ | -५.२ |
| एल पि ग्यास | २५४५.९३ | ३.३ | २९७९.७२ | ३.६ | १७.० |
| शुद्ध फलाम | १९३६.५३ | २.५ | २५७१.७९ | ३.१ | ३२.८ |
| भटमासको तेल कच्चा | ७८०.९७ | १.० | २४३७.२४ | ३.० | २१२.१ |
| तयारी कपडा | १८७३.७८ | २.४ | २२०९.७५ | २.७ | १७.९ |
| एच.आर.सिट | २२३५.८७ | २.९ | २१२१.७८ | २.६ | -५.१ |
| मोवाइल टेलिफोन | १५६७.४६ | २.० | १७८४.७३ | २.२ | १३.९ |
| अन्य एलोपेथीक औषधी | १३२७.३१ | १.७ | १५४३.४४ | १.९ | १६.३ |
| सुर्यमुखिको कच्चा तेल | ७७८.६६ | १.० | १३५६.६८ | १.६ | ७४.२ |
| अन्य | ५३७२९.०७ | ६९.९ | ५६५८०.३४ | ६८.८ | ५.३ |
| **जम्मा** | **७६८१७** | **१००** | **८२२३७** | **१००** | **७.१** |

स्रोतः भन्सार विभाग, २०८१

५३. चालु आर्थिक वर्षको ६ महिनामा भएको कुल पैठारीमध्ये भारतबाट भएको पैठारीको अंश घटेको छ भने चीन र अन्य देशबाट भएको आयातको अंश बढेको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भारत, चीन र अन्य देशबाट भएको आयातको अंश क्रमशः ६१.१ प्रतिशत, १९.५ प्रतिशत र १९.३ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६१.८ प्रतिशत, १९.२ प्रतिशत र १९.० प्रतिशत रहेको थियो।


५४. वस्तुगत आधारमा पैठारी भएका वस्तुमध्ये भटमासको कच्चा तेल, एल. पि. ग्यास, मोवाइल टेलिफोन, विद्युतबाट सञ्चालित मिनिबस, तयारी कपडा लगायतका वस्तुको पैठारी बढेको छ भने एच. आर. सीट, सुन, कच्चा पाम तेल, डिजेल, पेट्रोल लगायतका वस्तुको पैठारी घटेको छ।

५५. यस अवधिको कुल पैठारीमा प्रमुख १० वस्तुको पैठारीको अंश ३१.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यी वस्तुहरुको पैठारीको अंश ३०.१ प्रतिशत रहेको थियो। प्रमुख १० वस्तुमध्ये डिजेल र पेट्रोलको अंश सबैभन्दा बढी क्रमश: ६.६ प्रतिशत र ३.९ प्रतिशत रहेको छ।

## व्यापार सन्तुलन

५६. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा वस्तु व्यापार घाटा ४.४ प्रतिशतले वृद्धि भई रू.७ खर्ब २३ अर्ब ५८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू.६ खर्ब ९३ अर्ब २० करोड रहेको थियो।

चार्ट (१०) : पुस महिनासम्मको वस्तु व्यापार घाटाको स्थिति (रू. अर्बमा)





स्रोतः भन्सार विभाग, २०८१।

५७. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भारत, चीन र अन्य देशसँगको व्यापार घाटा क्रमशः १.१ प्रतिशत र ८.८ प्रतिशत र १०.५ ले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारत र अन्य देशसँगको व्यापार घाटा क्रमशः ०.९ प्रतिशत र २९.२ प्रतिशतले सुधार भएको थियो भने चीनसँगको व्यापार घाटा ३३.० प्रतिशतले वृद्धि भएको थियो।

५८. विगत ५ वर्षको पहिलो पुससम्मको कुल वस्तु व्यापारमा निकासीको अंश चालु आर्थिक वर्षमा तुलनात्मकरुपमा उच्च रहेको छ। यस्तो अंश आर्थिक वर्ष २०७७/७८ को पुस महिनामा सबैभन्दा कम रहेको थियो।

चार्ट (११) : पुस महिनासम्मको कुल वस्तु व्यापारमा निकासी अंश (प्रतिशतमा)




स्रोतः भन्सार विभाग, २०८१।

५९. यस अवधिको कुल वस्तु निर्यातमध्ये मध्यवर्ती उपभोग्य वस्तुको अंश ४०.४ प्रतिशत, अन्तिम उपभोग्य वस्तको अंश ५८.८ प्रतिशत र पुँजीगत वस्तुको अंश ०.८ प्रतिशत रहेको छ। यसैगरी, यस अवधिको वस्तु कुल वस्तु आयातमध्ये मध्यवर्ति उपभोग्य वस्तुको अंश ५०.२ प्रतिशत, अन्तिम उपभोग्य वस्तुको अंश ४१.० प्रतिशत र पुँजीगत वस्तुको अंश ८.८ प्रतिशत रहेको छ।

तालिका (१५) : पुस महिनासम्मको वस्तु निकासी र पैठारीको संरचना (प्रतिशतमा)

| विवरण | निर्यात | | | आयात | | |
|---|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| मध्यवर्ती उपभोगका वस्तु | ५४.२ | ५५.९ | ४०.४ | ५३.१ | ४९.२ | ५०.२ |
| पुँजीगत वस्तु | ०.०५ | ०.२ | ०.८ | ८.८ | ८.७ | ८.८ |
| अन्तिम उपभोगका वस्तु | ४५.८ | ४३.९ | ५८.८ | ३८.१ | ४२.१ | ४१.० |

स्रोतः नेपाल राष्ट्र बैंङ्क, २०८१

## सेवा व्यापार

६०. खुद सेवा आय घाटामा रहेको छ। गत आर्थिक वर्षको पुस महिनासम्म खुद सेवा आय रु.३५ अर्ब ४३ करोडले घाटामा रहेकोमा चालु आर्थिक वर्षको पुस महिनासम्म यस्तो आय रु.४३ अर्ब ५३ करोडले घाटामा रहेको छ।

६१. भ्रमण आय र खर्च दुवैमा वृद्धि भएको छ। यस अवधिमा भ्रमण आय ५.१ प्रतिशतले बढेर रु.४१ अर्ब ८६ करोड पुगेको छ भने भ्रमण खर्च ९.७ प्रतिशतले बढेर रु.१०१ अर्ब ९२ करोड पुगेको छ।

## विप्रेषण आप्रवाह

६२. चालु आर्थिक वर्षको पुस महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.१ प्रतिशतले बढेर रु.७६३ अर्ब ८ करोड पुगेको छ। अमेरिकी डलरमा विप्रेषण आय १.१ प्रतिशतले बढेर ५ अर्ब ५८ करोड पुगेको छ।

६३. वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने कामदारको सङ्ख्यामा वृद्धि भएको छ। चालु आर्थिक वर्षको पुससम्म वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने कामदारको सङ्ख्या ११.७ प्रतिशतले बढेर २ लाख ३० हजार रहेको छ। यसैगरी, यस अवधिसम्म नयाँ र पुनःश्रम स्वीकृति लिने कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.५ प्रतिशतले वृद्धि भई ३ लाख ९३ हजार पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति


६४. वस्तु आयातमा भएको वृद्धि र विप्रेषण आयको वृद्धिमा भएको सङ्कुचनको वाबजुद चालु आर्थिक वर्षको पुससम्म चालु खाता रु.१४८ अर्ब १७ करोड (१०८४ मिलियन अमेरिकी डलर) ले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रु.१६२ अर्ब ५६ करोड (१२२२ मिलियन अमेरिकी डलर) रहेको थियो।

६५. चालु आर्थिक वर्षको पुससम्म शोधनान्तर स्थिति रु.२४९ अर्ब २६ करोड (१८२३ मिलियन अमेरिकी डलर)ले वचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वचत रु.२७३ अर्ब ५२ करोड (२०५७ मिलियन अमेरिकी डलर) रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

६६. २०८१ पुस मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तको तुलनामा प्रतिशत (रु.२ खर्ब ७५ अर्ब ७४ करोड)ले बढेर रु.२३ खर्ब १६ अर्ब ८४ करोड पुगेको छ। यसैगरी, अमेरिकी डलरमा २०८१ पुस मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तको तुलनामा १०.३ प्रतिशत (१ विलियन ५७३ मिलियन अमेरिकी डलर)ले बढेर १६ विलियन ८४४ मिलियन अमेरिकी डलर पुगेको छ।

चार्ट (१२) : कुल विदेशी विनिमय सञ्चिति (रु.करोडमा)




स्रोतः नेपाल राष्ट्र बैंक, २०८१

## विनिमय दर


६७. २०८१ असार मसान्तको तुलनामा २०८१ पुस मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ २.८३ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१३७.२५ पुगेको छ। २०८१ असार मसान्तमा यस्तो विनिमय दर रू.१३३.३६ रहेको थियो।

## पर्यटक आगमन

६८. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा (अगष्ट २०२३ देखि जनवरी २०२४ सम्म) नेपाल भित्रिने पर्यटकको सङ्ख्या गत आर्थिक वर्षको सोही आर्थिक वर्षको सोही अवधिसम्मको तुलनामा ३.५७ प्रतिशतले बढेर ५ लाख ८० हजार पुगेको छ।

६९. सन् २०२३ मा नेपाल आउने पर्यटकको सङ्ख्या १० लाख १४ हजार ८ सय ७६ रहेकोमा सन् २०२४ मा नेपाल भित्रिने पर्यटकको सङ्ख्यामा १३.१ प्रतिशतले वृद्धि भई ११ लाख ४७ हजार ५ सय ६७ पुगेको छ। पछिल्लो समयमा नेपाल भित्रिने पर्यटकको सङ्ख्यामा क्रमशः वृद्धि हुँदै गएको र सो को सकरात्मक प्रभाव भ्रमण आयमा परेको छ।

### चार्ट (१३) : पर्यटक आगमनको स्थिति (संख्यामा) र वृद्धिदर (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैंक, २०८१

७०. सन् २०२५ को जनवरी महिनामा नेपाल भित्रिने पर्यटकको सङ्ख्या २०२४ जनवरीको तुलनामा १.१३ प्रतिशतले वृद्धि भई ७९ हजार ९ सय ९१ पुगेको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिना (अगष्ट २०२४ देखि जनवरी २०२५ सम्म) गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.६ प्रतिशतले वृद्धि भई ५ लाख ७९ हजार ९ सय ४३ पुगेको छ।

## बाह्य क्षेत्रका प्रमुख परिसूचकहरु

### तालिका (१६) : चालु आर्थिक वर्षको बाह्य क्षेत्रका परिसूचकको पुससम्मको मासिक विवरण (रू. करोडमा)

| बाह्य क्षेत्रका चरहरु | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पुस | जम्मा |
|---|---|---|---|---|---|---|---|
| निकासी | १२२३ | १२८७ | १३२९ | १४२९ | २०९९ | २५१३ | ९८७९ |
| पैठारी | १२८३८ | १३४१७ | १२८२१ | १२२६४ | १४८१० | १६०८८ | ८२२३७ |
| व्यापार घाटा | ११६१५ | १२१३० | ११४९२ | १०८३४ | १२७११ | १३५७५ | ७२३५८ |
| विप्रेषण आप्रवाह | १३६९३ | १२६२१ | १४४१७ | ११४३३ | ११८७९ | १२२६५ | ७६३०८ |
| चालु खाता सन्तुलन (+) बचत/(-) घाटा | ३०८९ | १८८१ | ६२१८ | ३१५५ | -२७१ | ७४७ | १४८१७ |
| शोधानान्तर स्थिति (+) बचत/(-) घाटा | ४०९० | ६०८७ | ८३२२ | २०८४ | १९५१ | २३९२ | २४९२६ |
| थप विदेशी विनिमय सञ्चिति | ५११२ | ६०३१ | ७९७५ | २३०७ | १७९२ | ४३५८ | २७५७४ |
| पर्यटक आगमन (सङ्ख्यामा) | ७२७१९ | ९६३०५ | १२४३९३ | ११४५०१ | ९२०३४ | ७९९९१ | ५७९९४३ |

स्रोतः नेपाल राष्ट्र बैंक/भन्सार विभाग, २०८१

## कम्पनी दर्ता

७१. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा थप कम्पनी दर्ता सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा थप कम्पनी दर्ता १८.९ प्रतिशतले सङ्कुचन भई ९ हजार ७ सय ३४ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ३.५ प्रतिशतले वृद्धि भई १२ हजार ७ पुगेको थियो।


**तालिका (१७) : मासिकगत थप कम्पनी दर्ताको स्थिति** (सङ्ख्यामा)

| महिना | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|---|---|
| साउन | २२९९ | ३०७२ | २६८८ | २६३२ | ३४७४ | २८२५ | २१०३ | १२१० |
| भदौ | २१४८ | २५३९ | २९८५ | १४६८ | ३९२८ | २८२८ | २२९३ | १४३३ |
| असोज | १३८४ | २४४० | १८१२ | ३३९८ | २९३५ | १५९२ | २५८१ | १७६३ |
| कार्तिक | १६८२ | ११५९ | १४५८ | १९९८ | २१४४ | १४५४ | ११०५ | १४८८ |
| मंसिर | १५२१ | २११० | २०८३ | २४८० | २६८१ | १४१८ | १९६२ | १९५४ |
| पुस | १६९१ | २०७५ | २०६५ | २७४५ | १७७७ | १४८४ | १९६३ | १८८६ |
| **जम्मा** | **१०७२५** | **१३३९५** | **१३०९१** | **१४७२१** | **१६९३९** | **११६०१** | **१२००७** | **९७३४** |
| **वृद्धिदर** | **१०.६** | **२४.९** | **-२.३** | **१२.५** | **१५.१** | **-३१.५** | **३.५** | **-१८.९** |

स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय, २०८१

७२. चालु आर्थिक वर्षको पहिलो ६ महिनाको कम्पनी दर्ताको स्थिति हेर्दा कार्तिक महिना बाहेक अन्य महिनामा दर्ता सङ्ख्यामा कमी आएको छ। यस अवधिको कम्पनी दर्ता संख्या पछिल्लो ७ वर्षकै सबैभन्दा न्यून रहेको छ। चालु आर्थिक वर्ष देखि कम्पनी दर्ता गर्दा केही नयाँ नीतिगत व्यवस्था गरिएको कारण कम्पनी दर्ता सङ्ख्यामा सङ्कुचन आएको हो।

**चार्ट (१४) : पछिल्लो ७ आर्थिक वर्षको पुससम्मको थप कम्पनी दर्ताको प्रवृत्ति** (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय, २०८१

## स्वीकृत विदेशी लगानी

७३. २०८१ पुससम्म विदेशी लगानीका लागि उद्योग विभागमा दर्ता भएका उद्योगको सङ्ख्या ६,४६० पुगेको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा विदेशी लगानीका थप ३५४ उद्योग दर्ता भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २२६ रहेको थियो।


**तालिका (१८) : उद्योग विभागबाट स्वीकृत विदेशी लगानीको स्थिति**

| वर्ष | स्वीकृत विदेशी लगानी (रू.करोडमा) | | उद्योग दर्ता संङ्ख्या | |
|---|---|---|---|---|
| २०७३ असारसम्म | ३१८३७.७ | | ४७७३ | |
| २०८१ पुससम्म | ५४५५३.९ | | ६७५३ | |
| आर्थिक वर्ष | स्वीकृत विदेशी लगानी (रू.करोडमा) | वृद्धिदर | उद्योग दर्ता संङ्ख्या | वृद्धिदर |
| पहिलो ६ महिनाको तथ्याङ्कमा आधारित | | | | |
| २०७३/७४ | ८३०.८ | २७.८ | १८९ | २२.७ |
| २०७४/७५ | १४००.८ | ६८.६ | १६८ | -११.१ |
| २०७५/७६ | १०२५.४ | -२६.८ | १९६ | १६.७ |
| २०७६/७७ | २७६८.६ | १७० | १५० | -२३.५ |
| २०७७/७८ | २३४७.५ | -१५.२ | १२३ | -१८ |
| २०७८/७९ | ३०५६.२ | ३०.२ | १२९ | ४.९ |
| २०७९/८० | १७३०.० | -४३.४ | १३१ | १.६ |
| २०८०/८१ | २२३३.७ | २९.१ | २२६ | ७२.५ |
| २०८१/८२ | २५७७.६ | १५.४ | ३५४ | ५६.६ |

स्रोतः उद्योग विभाग, २०८१

७४. २०८१ पुससम्म उद्योग विभागबाट रू. ५ खर्ब ४५ अर्ब ५४ करोड बराबरको विदेशी लगानी स्वीकृत भएको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा उद्योग विभागबाट स्वीकृत कुल विदेशी लगानी गत आर्थिक वर्षको सोही अवधिको रू.२२ अर्ब ३४ करोडको तुलनामा ५६.६ प्रतिशतले वृद्धि भई रू.२५ अर्ब ७८ करोड पुगेको छ।

**चार्ट (१५) : उद्योग विभागबाट स्वीकृत विदेशी लगानीको मासिक स्थिति*** (रू. करोडमा)




स्रोतः उद्योग विभाग, २०८१    * चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा आधारित

७५. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा उद्योग विभागबाट स्वीकृत विदेशी लगानीमध्ये साउन महिनामा मात्र स्वीकृत भएको विदेशी लगानीको हिस्सा एक तिहाई भन्दा बढी रहेको छ। २०८१ कात्तिक महिनामा स्वीकृत विदेशी लगानी सबैभन्दा न्यून रहेको छ।

## विद्युत उत्पादन र पहुँच

७६. हालसम्म जलविद्युत, सौर्य तथा बगासमा आधारित सह-उत्पादन लगायतका आयोजनाको कुल विद्युत जडित क्षमता ३,४०३ मेगावाट पुगेको छ। करिव ९८.० प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा थप २४६ मेगावाट विद्युत उत्पादन भएको छ।

## चालु आर्थिक वर्षको पहिलो ६ महिनाको आर्थिक चर/परिसूचकहरु (मासिकरुपमा)

| सूचक/परिसूचक | ईकाइ | साउनसम्म | भाद्रसम्म | असोजसम्म | कार्तिकसम्म | मंसिरसम्म | पुससम्म |
|---|---|---|---|---|---|---|---|
| **वास्तविक क्षेत्र** | | | | | | | |
| आर्थिक वृद्धि | प्रतिशतमा | *वार्षिक लक्ष्य ६.० प्रतिशत* | | | | | |
| उपभोक्ता मुद्रास्फीति (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ४.०९ | ३.८६ | ४.८१ | ५.५९ | ६.०५ | ५.४१ |
| खाद्य तथा पेय पदार्थ | प्रतिशतमा | ६.१५ | ५.०१ | ७.१८ | ९.१० | ९.९९ | ७.६७ |
| गैर खाद्य तथा सेवा | प्रतिशतमा | २.९५ | ३.१९ | ३.५० | ३.७० | ३.९२ | ४.१९ |
| **सार्वजनिक वित्त** | | | | | | | |
| कर राजस्व | रु. करोडमा | ७७४१ | १४५१९ | २१९६८ | २८९९० | ३६२५८ | ४८९४० |
| गैरकर राजस्व | रु. करोडमा | १७३३ | २११९ | २८५८ | ३३३४ | ३७०२ | ७०२१ |
| कूल राजस्व | रु. करोडमा | ९४७४ | १६६३८ | २४८२६ | ३२३२४ | ३९९६० | ५५९६१ |
| अन्य प्राप्ति | रु. करोडमा | २२१ | ३१३ | ४७५ | ५७८ | ६१७ | ७७९ |
| जम्मा राजस्व/प्राप्ति | रु. करोडमा | ९६९५ | १६९५१ | २५३०१ | ३२९०२ | ४०५७७ | ५६७४० |
| बाँटफाँट हुने राजस्व | रु. करोडमा | १०५३ | २०३८ | ३०८२ | ४१४९ | ५३५४ | ६४७० |
| चालु खर्च | रु. करोडमा | १२३८ | ८२९९ | २२९८५ | २९२५३ | ३६३५५ | ४५२०० |
| पूँजीगत खर्च | रु. करोडमा | ८५५ | १४८९ | २९३७ | ३४५३ | ४०८० | ५६९४ |
| वित्तीय व्यवस्था | रु. करोडमा | १९२७ | ३९६७ | ६९९७ | ८७९६ | १५१७७ | १५८६६ |
| कुल सार्वजनिक खर्च | रु. करोडमा | ४०२० | १३७५५ | ३२९१९ | ४१५०२ | ५५६१२ | ६६७६० |
| तिर्न बाँकी आन्तरिक ऋण | रु. करोडमा | १२०३९० | १२३५९० | १२३६३० | १२५२१६ | १२१७६६ | १२३४७१ |
| तिर्न बाँकी बाह्य ऋण | रु. करोडमा | १२६८५४ | १२९२७२ | १२८६७४ | १२६५९० | १२७४७५ | १३०१४२ |
| कुल तिर्न बाँकी सार्वजनिक ऋण | रु. करोडमा | २४७२४४ | २५२८६२ | २५२३०४ | २५१८०६ | २४९२४१ | २५३६१३ |
| आन्तरिक ऋण परिचालन | रु. करोडमा | ४००० | ९००० | ११५०० | १४४०० | १६४०० | १८१०५ |
| बाह्य ऋण परिचालन | रु. करोडमा | ३५९ | १४०५ | २१३२ | २१७२ | २८२९ | ५९०३ |
| कुल सार्वजनिक ऋण परिचालन | रु. करोडमा | ४३५९ | १०४०५ | १३६३२ | १६५७२ | १९२२९ | २४००८ |
| आन्तरिक ऋणको सावाँ भुक्तानी | रु. करोडमा | १७०० | ३५०० | ५९६० | ७२७४ | १२७२४ | १२७२४ |
| बाह्य ऋणको सावाँ भुक्तानी | रु. करोडमा | २२७ | ४६७ | ९४३ | १३५८ | १७३२ | २२४३ |
| जम्मा सावाँ भुक्तानी | रु. करोडमा | १९२७ | ३९६७ | ६९०३ | ८६३२ | १४४५६ | १४९६७ |
| वैदेशिक सहायता प्रतिवद्वता, अनुदान | रु. करोडमा | २६२ | २३७५ | २३७५ | २३७५ | ३७४८ | ५१२६ |
| वैदेशिक सहायता प्रतिवद्वता, ऋण | रु. करोडमा | १३४३ | १३४३ | १३४३ | ३३५६ | ५९२४ | १५१०३ |
| कुल वैदेशिक सहायता प्रतिवद्वता | रु. करोडमा | १६०५ | ३७१८ | ३७१८ | ५७३१ | ९६७२ | २०२२९ |
| स्थायी लेखा नम्बर (हालसम्म) | (हजारमा) | ६४१९ | ६३७२ | ६४१८ | ६४५९ | ६५२१ | ६५२१ |
| **सार्वजनिक वित्त, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत)** | | | | | | | |
| कर राजस्व | प्रतिशतमा | १०.३ | १३.५ | १०.१ | १४.० | ७.५ | १०.३ |
| गैर कर राजस्व | प्रतिशतमा | ९९.२ | ६१.५ | ४५.४ | ४९.२ | ४१.१ | ३२.६ |
| कुल राजस्व | प्रतिशतमा | २०.१ | १७.९ | १३.३ | १६.८ | १०.० | १२.७ |
| अन्य प्राप्ति | प्रतिशतमा | -७६.१ | -७६.२ | -६९.३ | -६४.५ | -६५.२ | -५८.८ |
| जम्मा राजस्व/प्राप्ति | प्रतिशतमा | १०.० | ९.९ | ७.९ | १२.३ | ६.५ | १२.० |
| चालु खर्च | प्रतिशतमा | २.० | -५.३ | ७.७ | ७.९ | १.० | ३.३ |
| पूँजीगत खर्च | प्रतिशतमा | ९३८.८ | ८२.५ | ६४.७ | १५.१ | १३.१ | १५.६ |
| वित्तीय व्यवस्था | प्रतिशतमा | -१२.७ | १२.३ | ४१.८ | ६१.५ | १६६.५ | ९८.३ |
| कुल सार्वजनिक खर्च | प्रतिशतमा | १४.७ | ४.९ | १७.३ | १६.७ | २२.८ | १७.८ |
| **मुद्रा तथा बैंकिङ** | | | | | | | |
| विस्तृत मुद्राप्रदाय (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १४.६ | १३.७ | १३.३ | १२.१ | ११.२ | १०.२ |
| संकुचित मुद्राप्रदाय (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १३.५ | ४.७ | ५.० | २.२ | ३.५ | १.९ |
| एम ३ (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १४.७ | १३.७ | १३.१ | १२.० | ११.० | १०.१ |

| सूचक/परिसूचक | ईकाइ | साउनसम्म | भाद्रसम्म | असोजसम्म | कार्तिकसम्म | मंसिरसम्म | पुससम्म |
|---|---|---|---|---|---|---|---|
| निक्षेप परिचालन (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १४.९ | १३.८ | १२.८ | १२.६ | १०.९ | ९.९ |
| आन्तरिक कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ७.७ | ६.३ | ६.१ | ५.१ | ४.९ | ४.८ |
| निजी क्षेत्रमा प्रवाहित कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ६.२ | ६.६ | ६ | ६.२ | ७.० | ७.० |
| निक्षेपको ब्याजदर (वाणिज्य बैंक) | प्रतिशतमा | ५.६६ | ५.५३ | ५.२४ | ५.०१ | ४.७८ | ५.०० |
| कर्जाको ब्याजदर (वाणिज्य बैंक) | प्रतिशतमा | ९.६८ | ९.५२ | ९.३३ | ९.०७ | ८.९० | ८.६९ |
| औसत आधारदर (वाणिज्य बैंक) | प्रतिशतमा | ७.६१ | ७.४९ | ७.२९ | ७.०२ | ६.८२ | ६.६५ |
| बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जाल (सङ्ख्यामा) | (सङ्ख्यामा) | ११५१४ | ११५३३ | ११५३९ | ११५४२ | ११५५० | ११५४५ |
| नेप्से सुचकाङ्क (मासिक कारोबार भएको अन्तिम दिनको) | बिन्दुमा | ३०००.८१ | २५८०.८० | २७४२.९० | २७४८.७८ | २६८२.२९ | २५९४.१३ |
| धितोपत्र बजार पुँजीकरण | रु. करोडमा | ४७६५९१ | ४१०३६२ | ४३६१४५ | ४३७६९० | ४४४९११ | ४३०२८८ |
| बीमा प्रिमियम सङ्कलन (जीवन) | रु. करोडमा | १८५७ | ३०१६ | ४१३० | ५३७० | ६६१५ | ८११८ |
| बीमा प्रिमियम सङ्कलन (निर्जीवन) | रु. करोडमा | ४३१ | ७८६ | ११५७ | १४३६ | १७५२ | २१३० |
| कुल बीमा प्रिमियम सङ्कलन | रु. करोडमा | २२८९ | ३८०१ | ५२८८ | ६८०६ | ८३६६ | १०२४८ |
| बीमाको दायरामा आएको जनसङ्ख्या | प्रतिशतमा | ४२.७० | ४२.९२ | ४२.८४ | ४२.९२ | ४३.०२ | ४३.६२ |
| **बाह्य क्षेत्र** | | | | | | | |
| चालु खाता | रु.करोडमा | ३०८९ | ४९६९ | १११८७ | १४३४२ | १४०७१ | १४८१७ |
| चालु खाता (अमेरिकी डलरमा) | दश लाखमा | २३० | ३७० | ८३४ | १०६५ | १०४० | १०८४ |
| शोधनान्तर स्थिति | रु.करोडमा | ४०९० | १०१७७ | १८४९९ | २०५८३ | २२५३४ | २४९२६ |
| शोधनान्तर स्थिति (अमेरिकी डलरमा) | दश लाखमा | ३०५ | ७५८ | १३७९ | १५२८ | १६६५ | १८२३ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | रु.करोडमा | १३६९३.२ | २६३१३.९ | ४०७३०.९ | ५२१६३.५ | ६४०४३ | ७६३०८ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | दश लाखमा | १०१८.९ | १९५९.७ | ३०३६.७ | ३८७३.४ | ४७३२.९ | ५५८१.० |
| कुल विदेशी विनिमय सञ्चिति | रु.करोडमा | २०९२२२ | २१५२५३ | २२३२२८ | २२५५३५ | २२७३२७ | २३१६८४ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | दश लाखमा | १५५७६ | १६०३६ | १६६०१ | १६७०१ | १६७५६ | १६८४४ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु आयात) | महिनामा | १७.० | १७.० | १८.० | १८.० | १७.६ | १७.३ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा आयात) | महिनामा | १३.० | १४.० | १५.० | १५.१ | १४.६ | १४.४ |
| कुल वस्तु निर्यात | रु.करोडमा | १२२३ | २५०९ | ३८३८ | ५२६७ | ७३६६ | ९८७९ |
| कुल वस्तु आयात | रु.करोडमा | १२८३८ | २६२५४ | ३९०७५ | ५१३३९ | ६६१४९ | ८२२३७ |
| कुल वैदेशिक व्यापार | रु.करोडमा | १४०६१ | २८७६३ | ४२९१३ | ५६६०६ | ७३५१५ | ९२११६ |
| कुल वस्तु व्यापार घाटा | रु.करोडमा | ११६१५ | २३७४५ | ३५२३७ | ४६०७२ | ५८७८३ | ७२३५८ |
| प्रत्यक्ष लगानी आप्रवाह (ईक्विटि मात्र) | रु.करोडमा | ८० | २७१ | ४८१ | ५७६ | ६०३ | ६५० |
| वैदेशिक लगानी स्वीकृति | रु.करोडमा | ८५६ | १२१२ | १५४३ | १७०४ | २०७८ | २५७८ |
| भ्रमण आय | रु.करोडमा | ४४७ | १०५३ | १७७२ | २६८४ | ३५१९ | ४१८६ |
| भ्रमण खर्च | रु.करोडमा | २२५० | ४३४९ | ५५.७८ | ६८३१ | ८५०१ | १०१९२ |
| **बाह्य क्षेत्र, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत)** | | | | | | | |
| विप्रेषण आप्रवाह | प्रतिशतमा | १८.० | १५.२ | ११.५ | ९.१ | ४.४ | ४.१ |
| विप्रेषण आप्रवाह (अमेरिकी डलरमा) | प्रतिशतमा | १६.७ | १३.५ | १०.२ | ७.५ | २.५ | १.१ |
| कुल विदेशी विनिमय सञ्चिति | प्रतिशतमा | ३३.० | ३४.६ | ३५.९ | ३२.९ | २८.६ | २७.५ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | प्रतिशतमा | ३१.४ | ३३.५ | ३४.६ | ३०.९ | २५.९ | २३.० |
| वस्तु निर्यात | प्रतिशतमा | -९.६ | -५.१ | -६.१ | ४.२ | १६.५ | ३१.८ |

| सूचक/परिसूचक | ईकाइ | साउनसम्म | भाद्रसम्म | असोजसम्म | कार्तिकसम्म | मंसिरसम्म | पुससम्म |
|---|---|---|---|---|---|---|---|
| वस्तु आयात | प्रतिशतमा | -०.७ | १.१ | -४.२ | ०.२ | ३.० | ७.१ |
| कुल वैदेशिक व्यापार | प्रतिशतमा | -१.५ | ०.५ | -४.३ | ०.५ | ४.२ | ९.३ |
| वस्तु व्यापार घाटा | प्रतिशतमा | ०.४ | १.८ | -४.० | -०.३ | १.५ | ४.४ |
| वैदेशिक लगानी आप्रवाह(ईक्विटि मात्र) | प्रतिशतमा | -६९.८ | -९.७ | ४२.३ | ५७.८ | ५३.४ | ४३.२ |
| भ्रमण आय | प्रतिशतमा | १.६ | १२.० | ३.४ | ४.३ | ३.१ | ५.१ |
| भ्रमण खर्च | प्रतिशतमा | ३०.४ | २२.२ | -९८.९ | १०.३ | १२.३ | ९.७ |
| **अन्य** | | | | | | | |
| कम्पनी दर्ता | सङ्ख्यामा | १२१० | २६४३ | ४४०६ | ५८९४ | ७८४८ | ९७३४ |
| विनिमय दर ( $१ = रु. ...) | रुपैयामा | १३४.०२ | १३३.९३ | १३४.१७ | १३४.७४ | १३५.३७ | १३७.२५ |
| पर्यटक आगमन | हजारमा | ७२ | १६९ | २९३ | ४०८ | ५०० | ५८० |
| नयाँ श्रम स्वीकृति लिने नेपाली | हजारमा | ३७ | ७६ | १११ | १४७ | १९० | २३० |
| पुनःश्रम स्वीकृति लिने नेपाली | हजारमा | २३ | ४१ | ६० | ९४ | १३५ | १६३ |
| श्रम स्वीकृति जम्मा | हजारमा | **६०** | **११७** | **१७१** | **२४२** | **३२६** | **३९३** |

स्रोतः अर्थ मन्त्रालय/नेपाल राष्ट्र बैंङ्क/उद्योग विभाग/कम्पनी रजिष्ट्रारको कार्यालय/विद्युत प्राधिकरण/नेपाल बीमा प्राधिकरण, २०८१